नेपाल नागरिक उड्डयन प्राधिकरण
बबरमहल, काठमाण्डौं
प्रशासन विभाग

मिति : २०८०/३/३१

## सम्पत्ति विवरण फाराम भरी बुझाउने

# सम्बन्धी सूचना

नेपाल नागरिक उड्डयन प्राधिकरण कर्मचारीहरुको सेवाका शर्त र सुविधा सम्बन्धी नियमावली, २०५६ (संशोधन सहित) को नियम ११.१८ अनुसार कर्मचारीहरुले सम्पत्ति विवरण पेश गर्नुपर्ने व्यवस्था रहेको, भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५०(१) र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१ (क) (१) बमोजिम यस्तो सम्पत्ति विवरण फाराम हरेक आर्थिक वर्ष समाप्त भएको मितिले ६० दिन भित्र बुझाउनु पर्ने प्रावधान रहेको । उक्त सम्पत्ति विवरण फाराम राष्ट्रिय सतर्कता केन्द्रमा बुझाउँदा एकरुपको फाराम बुझाउनु पर्ने भएकोले यस प्राधिकरणको वेवसाइट **www.caanepal.gov.np** मा राखिएको सम्पत्ति विवरण फाराम डाउनलोड गरी आफ्नो र परिवारको नाममा रहेका सम्पत्तिको श्रोत वा निस्सा सहितको अध्यावधिक विवरण भरी बाहिरी खाममा देहाय बमोजिमका अनिवार्य परिचयात्मक व्यहोरा सहित आ.व. २०७९/०८० समाप्त भएको मितिले ६० औं दिन कार्यालय समय भित्र दर्ता गराउनु पर्ने र दर्ता हुन आएका सम्पत्ति विवरण राष्ट्रिय सर्तकता केन्द्रमा Online Entry गर्नुपर्ने हुँदा अन्तिम केही दिनहरुमा त्यस्तो Entry को लोड बढी हुन गई निर्धारित मिति भित्र Online Entry गर्न समय लाग्न जाने भएकोले **निर्धारित मिति भन्दा एक हप्ता अगावै मिति २०८०।५।२४ गते आईतबार कार्यालय समय भित्र** उक्त सम्पत्ति विवरण फाराम भरी यस प्रशासन विभागमा बुझाउनु हुन जानकारी गराइएको छ ।

**शिलबन्दी खाम बाहिर देहायको विवरण अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ :**

- नाम, थर:
- पद/तह:
- सेवा/समूह:
- संकेत नं.
- मोबाइल नं.
- कार्यालय:
- मिति:
- आ.व.